## कोभिड-१९बारे नेपाली महिलाहरूको भनाई - उहाँहरूको अनुरोध सुनौं [1]

कोभिड-१९ विरुद्ध नेपाल सरकारका प्रतिकार्यमा मानवअधिकारका मापदण्डलाई स्मरण गर्दै त्यसै अनुरुपका कार्य गरियोस् र महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, ग्रामीण महिला, तेस्रोलिङ्गी/यौनिक अल्पसंख्यक, यौन व्यवसायी, अनौपचारिक अर्थतन्त्रमा संलग्नहरू, शरणार्थी, आप्रवासी, आदीवासी र पहिचानपत्र नभएका व्यक्तिहरूजस्ता सबैभन्दा सीमान्तकृत व्यक्तिहरूको आवश्यकता र हितलाई अग्रस्थानमा राख्दै समानता एवं अविभेदका सिद्धान्तलाई कायम राखियोस् भन्दै हामी, तल हस्ताक्षर गरेका महिलावादी सिद्धान्त एवं महिला मानवअधिकारप्रति प्रतिबद्ध संस्था/सञ्जालहरू नेपाल सरकारलाई आह्वान गर्दछौं । कोभिड-१९ विरुद्धको प्रतिकार्यले यी समूहका संकटासन्नतालाई थप प्रतिकूल वा विद्यमान असमानतालाई थप बढावा दिनुहुँदैन । कोभिड-१९ले ल्याएको संकटको परिवेशमा विशेष महत्वका साथ ध्यान दिइनुपर्ने निम्नलिखित क्षेत्रहरू हामीले पहिचान गरेका छौं ।

## तत्कालका प्राथमिकताहरू

### *१. जोखिमसम्बन्धी सामयिक, सहि र नियमित सूचना तथा सञ्चार बहु भाषामा पहुँच गर्न सकिएको सुनिश्चित गर्ने*

सूचना, जन-स्वास्थ्यसम्बन्धी शिक्षा तथा स्रोत सामग्रीहरू बहु भाषा (भोजपुरी, मैथिली, तामाङ्ग, नेवारी, थारु, आदी)मा, सांकेतिक एवं आदीवासी भाषालगायत, पहुँचयुक्त स्वरुप तथा सहजै पढ्न सकिने र सरल भाषामा समान रुपमा पहुँच गर्न सकिएको सुनिश्चित गर्ने । धेरै महिला एवं बहिष्करणमा पारिएका समूहले आधारभूत सूचनामा पहुँच प्राप्त नगर्ने हुनाले यी सूचना तथा सामग्रीलाई परम्परागत तथा अपरम्परागत माध्यम प्रयोग गर्दै प्रसार गरिनुपर्छ । क्वारेन्टिन, सामाजिक दूरी र अलग बस्नुपर्ने कुरालाई सरल भाषा र चित्रहरूमार्फत व्याख्या गरिनुपर्छ । त्यसका साथै, लिङ्ग, जात, जातियता आदीका आधारमा हुने सामाजिक असमानतालाई यस्ता सन्देशले बढावा नदिनु निकै महत्वपूर्ण हुन्छ । स्वास्थ्य मन्त्रालयको हटलाइन (१११५)बारे स्पष्ट जानकारी दिइएको हुनुपर्छ ।

### *२. महिला स्वास्थ्यकर्मीहरूको विशिष्ट आवश्यकताहरूलाई मान्यता प्रदान गर्ने*

नेपालको स्वास्थ्य एवं सामाजिक क्षेत्रका कार्यकर्तामध्ये ५४% महिला छन् र उनीहरू प्रतिकार्यका अग्रपंक्तीमा रहेका छन् । नेपालको स्वास्थ्य एवं सामाजिक क्षेत्रमा कार्यरत महिलाहरूमध्ये, दुई-तिहाई अनौपचारिक रोजगारीमा रहेका छन् ।[2] महिला स्वास्थ्यकर्मीहरूले उनीहरूको व्यक्तिगत रक्षाका लागि आवश्यक सामग्री ( personal protective equipment- PPE)का अतिरिक्त, उनीहरूको महिनावारीसम्बन्धी सरसफाईका आवश्यकता लगायतका विशिष्ट आवश्यकताबारे ध्यानाकर्षण गराएका छन् । अग्रपंक्तीको प्रतिकार्यमा संलग्न स्वास्थ्यकर्मीहरूका लागि मनोसामाजिक सहयोग पनि उपलब्ध गराइनुपर्छ ।

### *३. कोभिड-१९को परीक्षणमा पहुँच बढाउने*

सरकारले विशेषगरी समुदायमा फैलिने संक्रमणको सम्भावनालाई ध्यानमा राख्दै, परीक्षणलाई विस्तार गर्नुपर्छ । विद्यमान क्षमतामै पनि, कोरोना भाइरस संक्रमण भएको शंका लागेमा सबैभन्दा संकटासन्नले पनि आफ्नो परीक्षण गराउनसक्ने सरकारले सुनिश्चित गर्नुपर्छ ।सरकारी वा निजी जुन प्रयोगशालामा परीक्षण गरिए तापनि, त्यसको खर्च सरकारले बेहोर्नुपर्छ ।

### *४. पानी, स्वच्छता र सरसफाई, आश्रय सेवामा पहुँच सुनिश्चित गर्ने*

---

[1] यसलाई महिला-मैत्री विपद् व्यवस्थापन समूह, अन्तर-पुस्ता महिलावादी समूह, महिला मानवीय तथा विपद् जोखिम न्यूनीकरण मञ्च जस्ता तीन महिला सञ्जालको तर्फबाट युएन वुमनले संग्रह गरेको हो । यी सञ्वालबारे जानकारी पृ.६मा उपलब्ध छ ।
[2] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभाग र आइएलओ (२०१९) "नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५को प्रतिवेदन"

नेपालमा स्वच्छ खानेपानी आपूर्ति, सरसफाईका सुविधा वा आश्रयमा सबैको पहुँच छैन । यसमा शहरी क्षेत्रका सुकुम्बासी बस्ती, कम आय भएका समुदाय र ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरू पर्छन् । यस परिवेशमा, हात धुने, सामाजिक दूरी कायम गर्ने जस्ता कार्य धेरै मानिसहरूका लागि सम्भव नहुन सक्छ भन्ने कुरालाई हामीले स्वीकार्नु पर्छ । त्यसकारण, सेवाबाट बञ्चित क्षेत्रहरूमा सरकारले सफा, पिउनयोग्य पानीका पूर्वाधार स्थापना गरिदिन हामी जोडदार आग्रह गर्दछौं । साबुन, किटाणुनाशकहरू र ह्याण्ड स्यानिटाइजर लगायतका आवश्यक सामग्री भएका सरसफाईका प्याकेजहरू वितरण गर्नेतर्फ पनि ध्यान दिनु आवश्यक छ । सामुदायिक/सार्वजनिक स्थलहरू, र घरबारविहिन लगायत आवश्यकतामा परेकाहरूका लागि बनाइएका सामुदायिक आश्रयस्थलहरूमा हातधुने ठाउँहरू जडान गरिनुपर्छ । विद्यालय, सामुदायिक केन्द्रहरू जस्ता विद्यमान पूर्वाधारहरूलाई अन्य आवश्यक प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ ।

## अल्पकालीन प्राथमिकताहरू

### *१. महिलामाथि थपिँदै गएको स्याहारसम्बन्धी बोझको सम्बोधन*

लकडाउन (बन्दाबन्दी)को अवस्थाले महिलाहरूका लागि बालबच्चा तथा वृद्धवृद्धाको स्याहार लगायत अवैतनिक स्याहार र घरायसी कामकाज बढाइरहेको छ । यस भारको असर महिलाको स्वास्थ्यमा पर्न जानेछ । अभिभावकत्व/स्याहारको जिम्मेवारीमा बाँडफाँट र घरायसी कामकाजको समतामूलक विभाजन जस्ता कुरालाई सन्देशहरूमार्फत जोड दिँदै प्रवाह गरिनुपर्छ । तनाव व्यवस्थापन र सुस्वास्थ्यमा सहयोगका लागि हेल्पलाइनहरूमार्फत मनोसामाजिक सहयोगको आवश्यकता पर्छ ।

### *२. महिला/किशोरी, अपाङ्गता भएका व्यक्तिहरू र तेस्रोलिङ्गी/यौनिक अल्पसंख्यकहरू विरुद्ध लैङ्गिकतामा आधारित हिंसाको प्रतिकार्य*

लकडाउनको परिवेशमा हिँडडुलमा प्रतिबन्ध लागेसँगै परिवारहरू सानो परिसरभित्र बस्नुपरेको अवस्था छ । पहिलै हिंस्रक रहेका परिवारका सदस्य अहिले घरभित्रै बसिरहेका छन् । पैसा, खाद्यान्न र अन्य आवश्यक वस्तु पर्याप्त रुपमा उपलब्ध नहुँदा शारीरिक तथा भावनात्मक दुर्व्यवहार बढ्नसक्छ । राष्ट्रिय महिला आयोगद्वारा सञ्चालित टोल-फ्री हेल्पलाइन नं ११४५ले हिंसामा परेका पीडित/प्रभावितलाई परामर्श सहयोगमार्फत सहायता प्रदान गर्नका लागि काम गर्नुपर्छ । घरेलुहिंसाका सबै पीडितहरूका लागि हेल्पलाइन, आश्रयस्थल र सेवाहरूलाई "अत्यावश्यक सेवा" अन्तर्गत राखिनुपर्छ र पीडितहरूको अनुरोध र फोनकलप्रति संवेदनशील हुन कानून कार्यान्वयन गराउने निकाय र व्यक्तिहरूलाई सचेत गराइनुपर्छ ।

### *३. जिवीकोपार्जन गुमाएका कारण महिला र बहिष्करणमा पारिएका समूहहरूमा परेको प्रभाव घटाउनका लागि सामाजिक संरक्षणका उपायहरू विस्तार गर्ने*

नेपालमा ठूलो संख्यामा महिलाहरू अनौपचारिक बजार र कृषिका अनौपचारिक अर्थतन्त्रमा संलग्न छन् । उनीहरू दैनिक ज्यालामा निर्भर छन् र बचतमा उनीहरूको सीमित पहुँच छ वा पहुँच नै छैन । उड्डयन, पर्यटन, आतिथ्य, साना व्यवसाय र उद्योगहरू जस्ता लकडाउनका कारण प्रत्यक्ष प्रभाव परेका औपचारिक अर्थतन्त्रका धेरै उद्योगहरूमा पनि उल्लेख्य संख्यामा महिलाहरू रोजगारीमा छन् । यी क्षेत्रमा कार्यरत महिलाहरूले बाध्यकारी रुपमा अवैतनिक विदा लिनुपरेको छ वा आफ्नो जागीर गुमाउनुपर्ने त्रास छ । आफ्ना कर्मचारीलाई दुई महिनाको तलब भुक्तान गर्नका लागि सरकारले पर्यटन क्षेत्रलाई दिएको निर्देशलाई हामी स्वागत गर्छौं । यस निर्देशलाई खुद्रा व्यापार, उत्पादन, यातायात, उड्डयन, आतिथ्यजस्ता अन्य क्षेत्रमा पनि विस्तार गर्न र यस प्याकेजलाई प्रभावकारी एवं पारदर्शी तरिकाले आर्थिक सहयोग गर्न कामदारहरूका राहतका लागि एक समर्पित कोष स्थापना गर्न पनि आग्रह गर्छौं । सरकारले सामाजिक सुरक्षाका प्रावधानहरूलाई विस्तार गर्नुपर्छ, जसले लक्षित सहयोग प्याकेज, परिपूरक भुक्तानी र नगद सहयोगलगायत मार्फत महिला र बहिष्करणमा पारिएका समूहहरू (महिला घरमूली भएका घरपरिवार, एकल महिला, युवा महिला, वृद्धमहिला, अपाङ्गता भएका महिला, स्वास्थ्य समस्या भएका महिला समेत)ले संरक्षण पाएको सुनिश्चित गर्नुपर्छ । लाभ/सहयोग प्याकेजहरूको वितरणलाई तीव्रता प्रदान गरिनुपर्छ ।

**प्रोत्साहन प्याकेजका लागि सुझावहरू**

- महिला नेतृत्व/स्वामीत्व भएका लघु, साना र मझौला व्यवसायीहरूलाई करछुट, धरौटी र ऋण मिनाहा दिएर आर्थिक सुरक्षा प्रदान गर्ने
- महिला समूह/स्वावलम्बन समूहहरूका लागि बिनाधितो ऋण उपलब्धता बढाउने
- आयकर दर्ताका लागि ९०-दिनको अतिरिक्त अवधि जस्ता वित्तीय राहतका उपायहरू अपनाउने
- व्यक्तिगत बैंक ऋण भुक्तानी स्थगन र मासिक किस्ताको सहज पुनर्संरचना जस्ता कुराहरू अपनाउने
- सबैका लागि आधारभूत आय (Universal Basic Income) उपलब्ध गराउने
- आप्रवासी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, हिंसा प्रभावित जस्ता सबैभन्दा संकटासन्न समूहहरूका लागि थप आर्थिक सहयोग उपलब्ध गराउने
- आर्थिक सहयोगका प्याकेजले बालबच्चाको स्याहारका प्रावधानजस्ता महिलाका अवैतनिक र स्याहारका भारलाई ध्यान दिएको सुनिश्चित गर्ने
- अनौपचारिक क्षेत्रका कामदारहरू (घरेलु कामदार, घरमा बसेर काम गर्ने कामदारलगायत)लाई यस संकटको दीर्घकालीन असरलाई जुझ्नसक्ने बनाउनका लागि आगामी छ महिनासम्म पन्ध्र-पन्ध्र दिनमा वा मासिक भुक्तानी उपलब्ध गराउने । यस्ता प्रयासले यौनकार्य लगायतका अझै बढी लुकेर/अदृश्य स्वरुपमा रहेका काममा संलग्न महिलाहरूलाई लक्षित गर्नुपर्छ ।
- सबै रोजगारदाता/व्यवसायहरूलाई आफ्ना सबै कर्मचारी (अस्थायी करार वा परीक्षणकालमा रहेका लगायत)को जेजस्तो करार भएतापनि उनीहरूको तलबी विदा बढाउनका लागि निर्देश दिने । यो सबै गैर-अत्यावश्यक सेवा क्षेत्रका कामदारहरूका लागि लागू हुनुपर्छ ।
- आगामी छ महिनाका लागि कामदार कटौतीमा पूर्णतः स्थगन/प्रतिबन्ध गर्नेबारे सोच्ने । ठूला व्यवसायहरूले अस्थायी बन्द वा सेवामा कमीका कारण आउने खर्चभार आफैं बेहोर्नुपर्छ भने, साना तथा मझौला व्यवसायहरूलाई उनीहरूले आफ्ना कामदारलाई भुक्तानी गर्न र अन्य अत्यावश्यक खर्च धान्न सक्ने सुनिश्चित गर्नका लागि सहयोग उपलब्ध गराइनुपर्छ ।
- सुकुम्बासी बस्ती, अनौपचारिक बस्ती र प्रभावित क्षेत्रमा बसोबास गर्नेहरूका लागि दुई महिनाबाट शुरु गर्दै सबै महसुलमा छुट दिने ।

## *३. महिला घरमूली भएका घरपरिवारलगायत, सबैभन्दा संकटासन्न घरपरिवारको खाद्य सुरक्षा सुनिश्चित गर्ने*

लकडाउनको समयावधि बढ्दा, खाद्यान्न र अत्यावश्यक सामानको आपूर्तिमा धेरै घरपरिवारको पहुँच नहुनसक्छ । आफ्नो कमाई गुमाउनु परेकाहरूलाई सरकारले "नेपाल खाद्य संस्थान र साल्ट ट्रेडिङ्ग कर्पोरेसनबाट चामल, पिठो, दाल, नून, चिनी र तेल आपूर्तिमा १० प्रतिशत छुट"[3] मार्फत चालेको सहयोगको कदमलाई हामी स्वागत गर्छौं ।

आवश्यकतामा परेकाहरूलाई खाद्यान्न सहायता उपलब्ध गराउन र यस सहायतालाई वडा कार्यालयबाट आफ्नो परिचयपत्र बनाउन सक्नेहरूका लागि मात्र सीमित नगर्न हामी सरकारलाई आग्रह गर्छौं । यस अतिरिक्त, गर्भवती महिला, अनाथ, अपाङ्गता भएका वा दीर्घकालीन रोग लागेका व्यक्तिका साथै महिला घरमूली, एकल महिला, वृद्ध महिलालाई पनि सरकारले विशेष प्राथमिकताभित्र राख्न आग्रह गर्छौं, र सामाजिक दूरी कायम राख्दै सामुदायिक भान्छाजस्ता अन्य कदमहरू चाल्नेबारे विचार गर्न आग्रह गर्दछौं ।

आफ्नो घरबाट बाहिर निस्कन नसक्ने व्यक्तिहरू (उदाहरणका लागि, एक्लै वा दुर्गम क्षेत्रमा बस्ने अपाङ्गता भएका व्यक्ति)का लागि घरमै खाद्यान्न/सुख्खा रासन आपूर्ति गरिदिने प्रयासहरूको थालनी गरिनुपर्छ । आगामी हप्ताहरूमा लकडाउनका कारण नियमित आपूर्ति श्रृंखलामा अवरुद्धता आउनसक्ने हुनाले, सरकारले कृषकहरूबाट सिधै अन्नहरू

[3] थप विवरणका लागि हेर्नुहोस् : https://www.nepalitimes.com/latest/nepal-covid-19-relief-package/

खरिद गर्नुका साथै खरिद गरिने वस्तुहरूको संख्या पनि बृद्धि गर्नका लागि एक प्रणाली स्थापना गर्नुपर्छ। उपलब्ध सामाग्रीहरूको उचित वितरणका लागि नबिग्रने खाद्य सामग्रीलाई नियन्त्रित वितरण गर्न व्यवसायहरूलाई निर्देश गर्ने र आफ्नो आयस्तरका कारण लामो समयसम्म खरिद गरिरहनु पर्ने समूहहरूका लागि पहुँच विस्तार गर्ने।

### *५. यौन तथा प्रजनन् स्वास्थ्य लगायतका स्वास्थ्य सेवाको उपलब्धता र पहुँच सुनिश्चित गर्ने*

इबोला र जिका लगायत विगतका महामारीबाट प्राप्त प्रमाणले यो इंगित गर्छ कि, प्रायःजसो प्रकोप नियन्त्रणका प्रयासले गर्भावस्था र सुत्केरी स्वास्थ्य स्याहार र गर्भनिरोधकलगायतका नियमित स्वास्थ्य सेवाबाट स्रोत विस्थापन गरिदिनुका साथै पहिलै सीमित पहुँच भएको यौन तथा प्रजनन् स्वास्थ्य सेवामा थप प्रतिकूलता थपिन्छ। यौन तथा प्रजजन् स्वास्थ्य सेवालगायतका स्वास्थ्य सुविधाहरूमा बिनाअवरोध र निरन्तर पहुँच सुनिश्चित गर्ने प्रयासहरू गरिनुपर्छ। यस्ता सहायताको अभाव हुँदा, मातृ मृत्युदर बढ्न सक्छ। सबै स्वास्थ्य सेवा केन्द्रहरूलाई कुनै पनि मानिसको स्वास्थ्य बिमाको अवस्था, आप्रवासनको अवस्था जेजस्तो भएपनि, उनीहरूलाई उचित स्वास्थ्य सेवा प्रदान गर्न निर्देश दिने।

स्वास्थ्य सेवामा पहुँच पाउनका लागि बहिष्करणमा पारिएका र संकटासन्न समूहका महिला तथा दलित, जनजाति र धार्मिक अल्पसंख्यक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने विशिष्ट चुनौतीहरूको पहिचानमा पनि ध्यान दिइनुपर्छ। आप्रवासीहरू र परिचय खुल्ने कागजपत्र नभएका व्यक्तिहरूले पनि कुनै भेदभावबिना उपचारात्मक सेवा खोज्न पाउने अधिकार सुनिश्चित गरिनुपर्छ।

### *६. आप्रवासी महिला कामदारहरूका लागि थप सहयोग विस्तार गर्ने*

कोभिड-१९ फैलिनबाट रोक्नका लागि गरिएका यात्रा निषेधहरूले गर्दा वृद्ध महिला, साना छोराछोरी भएका महिलालगायत धेरै आप्रवासी कामदारहरू विदेशबाट र भारतसँगको स्थलसीमा सहितबाट देशभित्र छिर्न पाएका छैनन्। यी समूहहरूलाई प्राथमिकताका आधारमा, सीमाक्षेत्रमा भएका स्वास्थ्य चौकीमार्फत अत्यावश्यक सेवाहरू (खाना, पानी, आश्रय र सरसफाई) उपलब्ध गराइनुपर्छ। यसबाहेक, विदेशमा घरेलु कामदारका रुपमा काम गर्ने महिलाहरूले सूचनामा पहुँच नपाएका हुनसक्छन्। कूटनीतिक नियोग/दूतावासहरूमार्फत महिला आप्रवासी कामदारहरूमा लक्षित सूचना प्रवाह गर्नु आवश्यक छ। सन्देश/सहयोग प्याकेज उपलब्ध गराउँदा यी महिलाहरू, उनीहरूका छोराछोरी तथा परिवारलाई प्राथमिकता दिइनुपर्दछ।

### *७. समन्वयात्मक संयन्त्रहरूमा महिला संस्थाहरूको सहभागिता र प्रतिनिधित्व बढाउने*

सरकारले महिला संस्थाहरूको क्षमताबाट लाभ उठाउन सक्नुपर्छ। महिला समूह एवं लैङ्गिकतासम्बन्धी विज्ञहरूको उल्लेखनीय सञ्जालहरूको लाभ उठाउँदै सामाजिक दूरी कायम गर्नेबारेका सन्देशहरू प्रवाह र विस्तार गर्न सकिने हुनाले ती महिला समूह एवं लैङ्गिकतासम्बन्धी विज्ञहरूलाई समावेश गर्दा त्यसले एक सुदृढ सामुदायिक प्रतिकार्य सुनिश्चित गर्नमा मद्दत गर्छ। यसबाहेक, पूर्वतयारी र प्रतिकार्यका प्रक्रियाहरूमा दृष्टिकोणको विविधता प्रतिबिम्बित भएको सुनिश्चित गर्नका लागि पूर्वतयारी र प्रतिकार्यसम्बन्धी सरकारका महत्वपूर्ण संयन्त्रहरूमा महिला संस्थाहरूको प्रतिनिधित्व हुनु महत्वपूर्ण हुन्छ। क्षेत्रीयस्तरको सार्क कोषलगायतका आकस्मिक कोषहरूको स्थापना र प्रयोगबारेका सूचना सार्वजनिक रुपमा उपलब्ध गराइनुपर्छ।

## दीर्घकालीन प्राथमिकताहरू

### *१. शीघ्र पुनर्लाभका प्रयासका रुपमा महिलाहरूको आर्थिक सुरक्षा र अधिकार प्रवर्द्धन गर्ने*

जन-स्वास्थ्यसम्बन्धी आपतकालीन अवस्थामा रोजगारीमा रहेका व्यक्तिहरू र प्रकोप नियन्त्रण भएपछि आफ्नो आम्दानीको स्रोत गुमाउने व्यक्तिहरूको सहयोग लगायतका कोभिड-१९को प्रकोपका असर न्यूनीकरण गर्नका लागि र समुदायहरूको पुनर्लाभ एवं भविष्यका आघातहरूविरुद्धको पुनर्उत्थानशिलता विकास गर्नका लागि लक्षित आर्थिक सशक्तीकरणका रणनीतिहरू तयार गर्ने र/वा नगद प्रवाह कार्यक्रमका सम्भाव्यता खोजी गर्ने । यस अतिरिक्त, राष्ट्रपति महिला उत्थान कार्यक्रम तथा अन्य यस्ता कार्यक्रमहरूलाई बजारको बढ्दो आवश्यकता अनुरुप, बहिष्करणमा पारिएका समूहका महिलाहरूको व्यावसायिक सीप विकास सुनिश्चित गर्नेतर्फ उपयोग गरिनुपर्छ ।

### *२. महिला सञ्जालहरू र समुदायमा आधारित संस्थाहरूलाई सहयोग गर्ने*

निरन्तरको विश्वास र पहुँच सुनिश्चित गर्न र सकेसम्म उत्कृष्ट सेवा उपलब्ध गराउन जन-स्वास्थ्यसम्बन्धी आपतकालीन अवस्थाको अवधिमा साथै त्यस अघि र पछि पनि स्थानीय समुदाय, र विशेषगरी महिला समूहसँग सहकार्य गर्ने

### *३. प्रतिकार्य र पुनर्लाभसम्बन्धी निर्णय प्रक्रियामा महिला नेतृत्व एवं प्रतिनिधित्व सुनिश्चित गर्ने*

स्वास्थ्यसम्बन्धी नेतृत्वलगायत स्थानीय, प्रादेशिक र राष्ट्रिय तहका प्रतिकार्य र पुनर्लाभसम्बन्धी निर्णयहरूमा महिला नेतृत्व एवं प्रतिनिधित्व सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ । यसबाहेक, सामाजिक अशान्ति र द्वन्द्व निम्त्याउने गरी विद्यमान कमीकमजोरीहरू गहिरिँदै नजाउन् भन्ने सुनिश्चित गर्नुपर्छ र यसका लागि हाल पनि असमानतामा रहिरहेका समुदायहरूलाई संलग्न गराउने उद्देश्यका साथ शान्ति सञ्जालहरूलाई सहयोग उपलब्ध गराइनुपर्छ ।

### *४. अत्यावश्यक सेवा र पूर्वाधारका लागि सार्वजनिक प्रावधानमा उल्लेखनीय वृद्धि गर्ने*

कोभिड-१९ को महामारीले धेरैवटा देशमा स्वास्थ्यसम्बन्धी पूर्वाधारमा ठूलो कमी रहेको कुरा उजागर गरिदिएको छ । आगामी दिनहरूमा अत्यावश्यक सेवा र पूर्वाधारका लागि सार्वजनिक प्रावधान उल्लेखनीय रुपमा वृद्धि गर्नु र बेरोजगारी सहायता, सामाजिक आवास र सबैका लागि आधारभूत आय जस्ता सबैका लागि सामाजिक सुरक्षा र सार्वजनिक स्वास्थ्य सेवातर्फ कदम चाल्नु महत्वपूर्ण हुनेछ ।

## *सञ्जालहरू बारे*

महिला मैत्री विपद् व्यवस्थापन समूह (**Women Friendly Disaster Management Group**) महिला नेतृत्व भएका संस्थाहरूको एक अनौपचारिक सञ्जाल हो, जसको गठन २०७२ सालको भूकम्प लगत्तै युएन वुमनको सहयोगमा भएको थियो । विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यका लागि तर्जुमा एवं कार्यान्वयन गरिने नीतिहरूमा लैङ्गिक दृष्टिकोण समेट्न यो समूहको गठन भएको हो भने, विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीमा महिलाहरूको ज्ञान, धारणा र अभ्यास अभिवृद्धि गर्नु यसको ध्येय रहेको छ । यस समूहमा महिला सशक्तीकरण, समावेशीकरण, एकल महिला अधिकार, दलित महिला, तेस्रोलिङ्गी/यौनिक अल्पसंख्यक समुदायका महिला, अपाङ्गता भएका महिला, महिलाका कानूनी अधिकार र सञ्चारजगतमा केन्द्रित परियोजनाहरू कार्यान्वयन गरेको बृहत अनुभव बोकेका महिलाले नेतृत्व गरेका संस्थाहरू समावेश छन् । यस समूहमा : बियोन्ड बेइजिङ्ग कमिटि, दलित महिला संघ, महिला, कानून र विकास मञ्च, होम नेट साउथ एसिया, जागरण नेपाल, सबा नेपाल, साथी, मानवअधिकारका लागि महिला-एकल महिला समूह, नीलहिरा समाज, अपाङ्गता मानवअधिकार प्रवर्द्धन समाज नेपाल र मिडिया एड्भोकेसी ग्रुप सदस्यका रुपमा रहेका छन् । आफ्ना सदस्य संस्था र सञ्जालमार्फत सातै प्रदेशमा महिला मैत्री विपद् व्यवस्थापन समूहको प्रतिनिधित्व रहेको छ ।

**थप जानकारीका लागि : चाँदनी जोशी** (chand.joshi@gmail.com), महिला मैत्री विपद् व्यवस्थापन समूहका अध्यक्ष, र **बबिता बस्नेत** (basnetbabita7@hotmail.com, ९८५१०७५३७३), महिला मैत्री विपद् व्यवस्थापन समूहको सचिवालय

अन्तर-पुस्ता महिलावादी सोचका नेतृत्वकर्ताहरूको समूह (**Inter-Generational Feminist Thought Leaders' Group**)मा विविधतासहितका अन्तर-पुस्ताका महिलावादी नेतृत्वकर्ताहरूले सन् २०१७ देखि युएन वुमनले सहजीकरण गर्दै आएको "सोच कार्यशालाहरू"को श्रृंखलामा सक्रियताका साथ सहभागिता जनाउँदै आएका छन् ।

**थप जानकारीका लागि : रिता थापा** (ritathapa.patan@gmail.com, ९८०८४८८०९९) **र शरु जोशी श्रेष्ठ** (sharu.joshi@gmail.com, ९८५१०१२२६२) **साथै** अन्तर-पुस्ता महिलावादी सोचका नेतृत्वकर्ताहरू/महिलावादी अभियन्ताहरू

महिला मानवीय तथा विपद् जोखिम न्यूनीकरण मञ्च (**Women Humanitarian and Disaster Risk Reduction** एबितायच)को स्थापना सन् २०१९को मे महिनामा मानवीय सहयोग र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत महिला पेशाकर्मीहरूद्वारा एक अनौपचारिक मञ्चका रुपमा गरिएको हो । मानवीय सहयोग र विपद् जोखिम न्यूनीकरणका क्षेत्रसँग सम्बन्धित अनुभव, असल अभ्यास र ज्ञानहरू आदानप्रदान गर्दै कार्यदलहरू गठन गरेर क्रियाकलापहरू सञ्चालन गर्नका लागि यो मञ्च समय-समयमा भेट्ने गर्छ । हालसम्ममा, नागरिक समाजका संस्था, गैसस, संयुक्त राष्ट्रसंघीय निकाय, प्राज्ञिक तथा अनुसन्धानात्मक संस्थाका प्रतिनिधित्व गर्ने महिला पेशाकर्मीका साथै राष्ट्रियदेखि उपराष्ट्रिय तहमा स्वतन्त्र रुपमा कामगर्ने पेशाकर्मी/परामर्शदातालगायत ५० महिला पेशाकर्मी यस मचमा आवद्ध छन् । यस मञ्चसँग सन् २०२०का लागि कार्ययोजना पनि रहेको छ । यस मञ्चको सचिवालय महिला पेशाकर्मीहरूबाट सञ्चालित गैर-सरकारी संस्था, सेन्टर फर डिजास्टर म्यानेज्मेन्ट स्टडिज् (CDMS)मा रहेको छ । हाल, यस मञ्चले कोभिड-१९सम्बन्धी मानवीय पेशाकर्मीहरूको निर्दिष्ट अपील तयार गरेको छ । थप जानकारीका लागि : शक्ति गुरुङ्ग (shaktigrg01@yahoo.com, ९८४१७८७७५९)